बैठक सञ्चालन कार्यविधि-२०७४

**अनुसूची - १**

**बुदा नं १२.२ सँग सम्बन्धित**

बैठक संख्याः ८४

मितिः २०७९/११/२३

अध्यक्षताः श्री ऋषि केशव बुढा मगर

**कार्यपालिकाका पदाधिकारीहरुः**

| | | |
|---|---|---|
| १. | श्री ऋषि केशव बुढा मगर | अध्यक्ष |
| २. | श्री सर्मिला बुढा मगर | उपाध्यक्ष |
| ३. | श्री हेमराज घर्तीमगर | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |
| ४. | श्री हिरा प्रसाद बुढामगर | १ नं वडा अध्यक्ष |
| ५. | श्री अभिलाषा रोका | २ नं वडा अध्यक्ष |
| ६. | श्री जनक बुढा | ३ नं वडा अध्यक्ष |
| ७. | श्री हिक्मत घर्ति मगर | ४ नं वडा अध्यक्ष |
| ८. | श्री गोवर्धन घर्ति | ५ नं वडा अध्यक्ष |
| ९. | श्री सुन कामी | कार्यपालिका सदस्य |
| १०. | श्री रामकली विश्वकर्मा | कार्यपालिका सदस्य |
| ११. | श्री पुन बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य |
| १२. | श्री सुमित्रा सुनार | कार्यपालिका सदस्य |
| १३. | श्री बन्दना वि क | कार्यपालिका सदस्य |
| १४. | श्री जुन कुमारी पुन | कार्यपालिका सदस्य |

**अन्य उपस्थितिः**

| | | |
|---|---|---|
| १. | श्री भिमसेन बुढा मगर | सूचना प्रविधि अधिकृत |
| २. | श्री देवदत्त रिजाल | प्रशासन पाचौँ |
| ३. | श्री चन्द्र प्रकाश ओली | सव इन्जिनियर |
| ४. | श्री यज्ञ प्रसाद कडेल | आर्थिक प्रशासन प्रमुख |
| ५. | श्री निर्धक रोका | कार्यालय सहयोगी |

**प्रस्ताव:**

१. बजेट रकमान्तर र शीर्षकान्तर सम्बन्धमा,
२. ऐन, कार्यविधि, निर्देशिका तथा नियमावली स्वीकृत तथा संशोधन सम्बन्धमा,
३. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको मूल्यांकन सम्बन्धमा,
४. आ.व. २०७८/०७९ को बेरुजु उपर छलफल सम्बन्धमा,
५. विविध ।

**निर्णय:**

प्रस्ताव नं १ माथि छलफल गर्दा तपशिल बमोजिमका कार्यक्रम र योजनाहरुमा बजेट रकमान्तर र शिर्षकान्तर गरी हिंउदे गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | रकमान्तर गर्ने बजेट रकम | रकमान्तर गरिने योजनाको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको भौतिक निर्माणका लागि थप बजेट | ४०,००,००० | प्रशासनिक भवन निर्माण | ४०,००,००० |
| २ | बहुउद्देशिय भवन निर्माण | १५,००,००० | टुटु प्रजा भित्रिवन सडक | १५,००,००० |
| ३ | मरान्ठाना कोइजबाङ सिचाई आयोजना/संघिय सरकार समपुरक आयोजना | १२,००,००० | टुटु प्रजा भित्रिवन सडक | ८,००,००० |
| | | | स्वास्थ्य चौकी मिरुल फिल्ड व्यवस्थापन | ४,००,००० |
| ४ | टुटु प्रजा भित्रिवन सडक वडा नं ३/प्रदेश समपुरक आयोजना | ९,५०,००० | स्वास्थ्य चौकी मिरुल फिल्ड व्यवस्थापन | ६,००,००० |
| ५ | कृषि उपज संकलन तथा भण्डारण कक्ष निर्माण म्याचिङ | ५,५०,००० | दुलिडाँडा चलाबाङ सडक वडा नं २ | १३,००,००० |
| | भैइपरी आउने पुँजिगत खर्च | ४,००,००० | | |
| ६ | महिला विकास समिति कार्यक्रम | ७५,००० | अपाङ्गता परिचयपत्र वितरण समिति बैठक भत्ता र खाजा खर्च | ७५,००० |
| ७ | आमा समूह गठन तथा अभिमुखिकरण | ५०,००० | प्रगतिशिल घागो सोल उद्योग | ५०,००० |
| ८ | फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यक्रम | १,००,००० | टोल विकास संस्था गठन तथा अभिमुखिकरण कार्यक्रम र सामग्री वितरण | १,००,००० |
| ९ | चितिबाङ मोटरबाटो निर्माण | ५,००,००० | मङ्ग्रा खोला जलविद्युत मर्मत | ४,००,००० |
| १० | आधारभूत विद्यालय फुन्टिबाङ गेट निर्माण | २,००,००० | आधारभूत विद्यालय फुन्टिबाङ भवन पलस्टर | ३,००,००० |
| ११ | पैरागाला खानेपानी निर्माण योजना | २,००,००० | पैरागाला सिचाई पोखरी निर्माण | २,००,००० |
| १२ | सामुदायिक स्वास्थ्य इकाई केन्द्र भित्रिवन मेशिनरी वाल | १,५०,००० | सामुदायिक स्वास्थ्य इकाई केन्द्र भित्रिवन मेशिनरी वाल र फिल्ड निर्माण | १,५०,००० |
| १३ | सामुदायिक स्वास्थ्य इकाई केन्द्र ठूलोगाँउ घेरवार | २,००,००० | सामुदायिक स्वास्थ्य इकाई केन्द्र ठूलोगाउँ घेरवार तथा मेशिनरी वाल | ३,००,००० |

| | | | | |
|---|---|---|---|---|
| १४ | सामुदायिक स्वास्थ्य इकाई केन्द्र ठूलोगाँउ मिरुल मेशिनरी वाल | १,००,००० | | |
| १५ | हिमालय फुलबारी मा वि जाली घेरबार | ३,००,००० | हिमालय फुलबारी मा वि मेशिनरी वाल | ३,००,००० |
| १६ | छेर्लोबाङ सिढी निर्माणका लागि सिमेन्ट निर्माण | ५०,००० | दहबाङ सिढी निर्माणका लागि सिमेन्ट निर्माण | ५०,००० |
| १७ | शहिद स्मृति पार्क मर्मत | ५०,००० | शहिद स्मृति पार्क सिलालेख निर्माण | १,५०,००० |
| १८ | सिवरी चाँपा खोरे खानेपानी निर्माण | १,००,००० | | |
| १९ | भैइपरी आउने पुँजिगत खर्च | ७,००,००० | वीर बलभद्र नमूना मा वि फिल्ड | ७,००,००० |
| २० | भैइपरी आउने पुँजीगत खर्च | १२,००,००० | कृषि उपज संकलन तथा भण्डारण कक्ष निर्माणको लागि जग्गा खरिद | १२,५०,००० |
| २१ | खेति प्राङ्गारिक प्रमाणीकरण | २,५०,००० | कृषक भ्रमण | २,५०,००० |
| २२ | भैइपरी आउने चाँलु खर्च | १,०६,००० | रोजगार कार्यक्रमको सामान ढुवानी | १,०६,००० |
| २३ | औषधि खरिद | ४,००,००० | मेडिकल तथा सर्जिकल औजार उपकरण खरिद | ४,००,००० |
| २४ | भैइपरी आउने पूँजिगत खर्च | १,७५,००० | प्रशासनिक भवनमा थ्रि फेज तार र विद्युतीय मोटर खरिद तथा जडान | १,७५,००० |
| २५ | टोल विकास संस्था गठन तथा अभिमुखिकरण कार्यक्रम | ५०,००० | टोल विकास संस्था गठन तथा अभिमुखिकरण कार्यक्रम र सामग्री वितरण | ५०,००० |
| २६ | विपद जोखिम न्यूनिकरण | ५०,००० | रोजगार कार्यक्रमका लागि सिमेन्ट तथा सामग्री खरिद | ५०,००० |

प्रस्ताव नं २ माथि छलफल गर्दा तपशिल बमोजिमका ऐन, कार्यविधि, निर्देशिका तथा नियमावलीहरु संशोधनसाथ स्वीकृत गर्ने निर्णय गरियो ।

| क्र स | संशोधन गर्नुपर्ने | कारण | कैफियत |
|---|---|---|---|
| १ | उपभोक्ता समिति व्यवस्थापन तथा सञ्चालन कार्यविधि | उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत निर्माण कार्य गराउने सम्बन्धी कार्यविधि, २०७९ प्रकाशित भएको | संशोधन |
| २ | गाउँपालिका आपतकालिन कार्यसञ्चालन केन्द्र कार्यविधि | समिति पूर्ण नभएको | संशोधन |
| ३ | व्यवसायी दर्ता नविकरण कार्यविधि | साझेदारी दर्ता प्रक्रिया नभएको | संशोधन |
| ४ | चमेना गृह सञ्चालन कार्यविधि | | नयाँ |
| ५ | सेवाकरारमा गाउँ प्रहरी (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०७९ | | नयाँ |
| ६ | थबाङ गाउँपालिका युवा तथा खेलकुद विकास कार्यविधि, २०७९ | | नयाँ |
| ७ | सार्वजनिक सुनुवाइ सम्बन्धी कार्यविधि, २०७९ | | नयाँ |
| ८ | टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७९ | | नयाँ |

| | | | |
|---|---|---|---|
| ९ | संस्था दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०७९ | | नयाँ |
| १० | कृषक व्यक्तिगत दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०७५ | जरिवाना उल्लेख नगरिएको | संशोधन |
| ११ | कृषक समूह दर्ता सम्बन्धी कार्यविधि, २०७५ | जरिवाना उल्लेख नगरिएको | संशोधन |
| १२ | उद्योग व्यवसाय दर्ता कार्यविधि, २०७९ | . | नयाँ |

प्रस्ताव नं ३ माथि छलफल गर्दा आ.व २०७८/०७९ को राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको कार्य सम्पादन मुल्यांकनमा रोल्पा जिल्लाका स्थानीय तहहरुमध्ये सबैभन्दा न्यून अङ्क आएकाले का.स.मु सुढृढीकरण गर्नका लागि आवश्यक कार्य गर्ने निर्णय गरियो।

प्रस्ताव नं ४ माथि छलफल गर्दा आ.व २०७८/०७९ को महालेखा परिक्षकको प्रतिवेदन अनुसार देखिएका बेरुजुहरु फरछयौटका लागि सम्बन्धीत सबैमा पत्रचार गर्ने निर्णय गरियो।

प्रस्ताव नं ५ माथि छलफल गर्दा आ.व को २०७८/०७९ मा प्राप्त स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कनको अंक ६३.७५ र स्थानीय तह वित्तिय सुशासन जोखिम मुल्याङ्कनको अंक ५६ अनुमोदन गर्ने निर्णय गरियो।

साथै यस गाउँपालिकाद्वारा मिति २०७९ फाल्गुण १ देखि ३ गतेसम्म सञ्चालित गाउँपालिका अध्यक्ष कपमा अपुग भएको बजेट जम्मा रु ३,७०,०००/- (अक्षरुपी तीन लाख सत्तरी हजार रुपैया मात्र) गाउँपालिकाको राजश्व बाँडफाँड-संघीय सरकार स्रोतको विविध खर्च शिर्षकबाट खर्च गर्ने निर्णय गरियो।

नेपाल सरकार-शसर्त अनुदान पुँजीगत स्रोतबाट सुर्जुबांग झो.पु., तेलखोला झो.पु., पुस्बांग लगन्जा झो.पु. लाकुरी बोट, दुमै खोला, वाङखोला, उवावेसी, रेउरीवाङ खर्सुवोट झो.पु.,गोल्को तेजिवाङ झो.पु., क्रवाइजवाङ मरन्ठाना झो.पु. खेरवाङ फुन्टीवाङ, मैदुङतिवाङ, थवाङ गाउँपालिका, रोल्पा शिर्षकमा प्राप्त बजेट आ.व २०७८/०७९ मा सम्पन्न भईसकेको तर बजेट अपुगका कारण भुक्तानी हुन नसकेका तपशिल बमोजिमका झो.पु.मा खर्च गर्ने निर्णय देखियो।

**तपशिल**

| क्र.सं | झो.पु नाम | स्थान | कैफियत |
|---|---|---|---|
| १ | लाकुरीबोट झो.पु | मिरुल, वडा नं ३ | |
| २ | तेलखोला झो.पु | उवा, वडा नं ४ | |
| ३ | सुर्जुबांग झो.पु | उवा, वडा नं ४ | |
| ४ | पस्बाङ झो पु | उवा, वडा नं ५ | |
| जम्मा | | | |

यस गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण(GESI Audit) अनुमोदन गरी लै.स.सा.स कार्ययोजनामा कार्यपालिकाले निर्णय गर्ने भनिएका कुराहरु सबै लागु गर्ने गरी निर्णय गरियो। साथै प्रत्येक अनुगमन तथा मुल्याङ्कन र कार्यक्रम कार्यान्वयन पश्चात पेश गरिने सम्पूर्ण प्रतिवेदनमा लै.स.सा.सको दृष्टिकोणले योग्य भए नभएको पृष्ठपोषण लिने निर्णय गरियो।

यस गाँउपालिकाको आ.व २०७९/०८० मा नेपाल सरकार-सशर्त अनुदान चालु स्रोत अन्तर्गत आ.व २०७९/०८० मा नयाँ बाख्रा पकेट विकास कार्यक्रम सञ्चालनका लागि वडा नं ४ र ५ छनौट गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

यस्तै २०७९ मंसिर ४ गतेको प्रतिनिधि तथा प्रदेश सभाको मतदाता शिक्षा सञ्चालनका लागि खटाइएका सञ्चालककर्ताहरुको न्यूनतम दैनिक भत्ता र बैठक भत्ता लगायतका खर्च व्यवस्थापन स्थानीय तहले व्यवस्थापन गर्ने भनि परिपत्र भएकाले उक्त रकम राजश्व बाँडफाँड -नेपाल सरकार स्रोतको विविध खर्चबाट खर्च गर्ने निर्णय गरियो ।

यस गाउँपालिकाको आ.व २०७९/०८० मा शिक्षा तथा खेलकुद शाखाबाट विनियोजित गरिएको स्थानीय पाठ्यक्रम निर्माणका लागि सुचिकृत परामर्शदाता संस्थाहरुबाट पाठ्यक्रम निर्माण गर्ने निर्णय गरियो ।

यसका साथै थबाङ गाउँपालिकाको वडा नं ३ मिरुलको मालपोत सम्बन्धी कामकार्य मालपोत कार्यालय, लिबाङबाट हुदैं आएकोमा मालपोत कार्यालय, घर्तीगाउँबाट कामकार्यको व्यवस्था गराउनका लागि आवश्यक निकायमा पहल गर्ने निर्णय गरियो ।

यस्तै रोल्पा जिल्लाद्वारा आयोजना गरिएको जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्डमा यस गाउँपालिकाबाट सहभागी भएका खेलाडी तथा प्रशिक्षकहरुको खर्च व्यवस्था राजश्व बाँडफाँड-नेपाल सरकार स्रोतको भैइपरी आउने खर्च शिर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

मृगौला प्रत्यारोपण गरेका, डाइलाइसिस गरिरहेको, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधि उपचार वापत खर्च उलपब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ स्वीकृत मिति २०७९/१२/१३ नेपाल सरकार (मा. मन्त्री स्तर) को निर्णय अनुसार लाभग्राहीलाई औषधि उपचार वापत उपलब्ध गराइने खर्च रकम आन्तरिक श्रोतको विविधि खर्च शिर्षकबाट दिने र उक्त भुक्तानी दिइएको रकम सम्बन्धित निकाय सोधभर्ना गर्ने निर्णय गरियो ।

जलजला अस्पताल तथा अनुसन्धान केन्द्र, थबाङ, रोल्पामा स्वयंसेवक अस्पताल प्रबन्ध निर्देशक पद आवश्यक भएकाले उक्त पदको विज्ञापन आव्हान गर्ने निर्णय गरियो ।

कृषि उपज संकलन तथा भण्डारण केन्द्र निर्माणका लागि जग्गा दानबाट जग्गा प्राप्त नभएकाले उक्त भण्डारण केन्द्र निर्माण गर्न थबाङ गाउँपालिका वडा नं १ (साविक थबाङ गा.वि.स वडा नं २) बस्ने श्री जीताराम घर्तिमगरको नाति श्री दलराम घर्तीमगरको छोरा श्री मस्त बहादुर घर्तीको नाममा रहेको साविकको थबाङ गा.वि.स वडा नं २ स्थित किता नं ३४९ को क्षेत्रफल ६००.०० वर्ग मिटरको रु ८३७,९३२। (अक्षरुपी आठ लाख सैतीस हजार नौ सय बत्तीस ) र थबाङ गाउँपालिका वडा नं १ (साविक थबाङ गा.वि.स वडा नं २) बस्ने श्री दत्त घर्ती को नाति श्री मनप्रसाद घर्तीको छोरा श्री पञ्च घर्ती मगरको नाममा रहेको साविक थबाङ गा.वि.स वडा नं २ स्थित कित्ता नं ३४८ को क्षेत्रफल २९०.०० वर्ग मिटरको रु ४०५,०००। (अक्षरुपी चार लाख पाँच हजार ) मूल्यमा जग्गा गाउँ सभाबाट स्वीकृत बजेट कृषि उपज संकलन तथा भण्डारण कक्ष निर्माणको लागि जग्गा खरिद( रु १२५००००) शिर्षकबाट खरिद गर्ने निर्णय गरियो ।